## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०७८/१२/१०

**भाग-२**

## सुन्दर घर, सुन्दर वस्ती र सुन्दर क्षेत्र कार्यक्रम सञ्चालन मापदण्ड २०७८
## जैमिनी नगरपालिका

# सुन्दर घर, सुन्दर वस्ती र सुन्दर क्षेत्र कार्यक्रम सञ्चालन मापदण्ड २०७८

जैमिनी नगरपालिकालाई स्वच्छ, सुन्दर, सफा र आकर्षक नगरपालिका बनाउने उद्देश्य तथा सबै टोल बस्ती र घरहरुलाई आकर्षक बनाई सुन्दर नगरपालिका बनाउन जैमिनी नगरपालिकाको नवौं नगरसभाबाट पारित भएको निति तथा कार्यकम र सो को लागि विनियोजन भएको बजेट कार्यान्वयन गर्न **"सुन्दर घर , सुन्दर बस्ती सुन्दर क्षेत्र"** कार्यक्रम सञ्चालन मापदण्ड २०७८ लाई जैमिनी नगरकार्यपालिकाको मिति २०७८/१२/१० गतेको बैठकबाट निर्णय गरी लागू गरिएको छ ।

**मापदण्ड शर्तहरु :**

१. चालु आ.व. ०७८/७९ को हकमा प्रत्येक वडाबाट साना वडा ४ र ठुला वडाबाट ६ वटा कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने व्यक्री , समूह वा समुदाय वा समिति वा जनप्रतिनिधी/ कर्मचारी बाट पर्नेगारि नगरपालिकाले निर्धारण गरेको मानदण्ड बमोजिम उर्पयुक्र बमोजिमको संख्यामा सम्बन्धित वडा बाट वडा समितिको निर्णय सहित नगर कार्यपालिकाको कार्यालय पेश गर्नु पर्ने छ ।

३. यस प्रकारको योजना सञ्चालन गर्न व्यक्री/समूह/समुदाय/समिति वा जनप्रतिनिधी /कर्मचारी बाट कम्तिमा रु.२०,०००/र नगरपालिकाबाट रु २०,०००/ गरी कम्तिमा रु.४०,०००/-बराबरको कार्य सम्पन्न गर्नु पर्ने ।

४. यो कार्यक्रम योजनाका हकमा निम्म मध्येका कुनै कार्य सम्पन्न गर्नु पर्ने ।

**व्यक्रीको हकमा**

१. आकर्षक गोलघर, स्थायी प्रकृतिको बगैंचामा फूलहरु , क्जयधक एबिलतकहरु लगाई आकर्षक गनर्डेन निर्माण गर्नुपर्ने , सडक छेउ छाउमा बसोबास गर्ने व्यक्री वा समुह, वस्तीले यात्रा गर्न यात्रीहरुलाई मोहित पार्ने गरी सडिक छेउ छाउलाई आकर्षक र सुन्दर
सरसफाइ युक्र बनाउने वा आफ्नो घरको अगाडी आकर्षक फुलको बगैचा ,सफा र सुन्दर आराम गर्ने स्थान, मुल सडकबाट घर अथवा गाँउ जाने सुन्दर सडक गाँउ घर बस्तीको नजिकको क्षेत्रको अहट, गाँउबाट नजिकैको खोल्साखोल्सीको संरक्षण तथा व्यवस्थापन, खानेपानी र फोहोरमैलाको व्यवस्थापन गरिएको हुनुपर्ने छ

**समूह, समुदाय, समितिको हकमा**

२. कुनै सार्वजानिक वा सामुदायिक संस्थाले आफ्नो परिसर भित्र आकर्षक गार्डेन बनाएमा । ३. होटल व्यवसायी वा अन्य व्यवसायीको हकमा गार्डेन रेष्टुरेन्ट वा रुपटफ रेष्टुरेन्ट
बनाएमा ।

४. जनप्रतिनिधिको हकमा आवास परिसर भित्र आकर्षक वैठक गोलघर निर्माण गरेमा ।

**सम्झौता र भुक्तानी**

५. छनौटमा परेका व्यक्ती/समुदाय/समुह/संस्था संग तोकिएको नमुनामा सम्झौता गरिनेछ।

६. सम्झौता अनुसारको कार्य सम्पन्न भए पछी नगरपालिकाले प्राविधिक तथा अनुगमन समितिको तर्फवाट अनुगमन गरि मापदण्ड बमोजिमको कार्य पुरा भएको भनि मुल्याङ्कन / सिफारिस भइ आएमा विनियोजन भएको रकम सम्बनधित व्यक्ति वा समुह र संस्थालाई एकमुष्ट रुपमा सोझै भुक्तानी गरिनेछ।

विविध

७. तोकिएको परिमाण भन्दा बढी योजना छनौट गर्न सकिने छैन। तोकिएको परिमाण अनुसार छनौट भइ वडाबाट प्राप्त नभएमा / मौज्दात कोटाबाट नगरपालिकाले आवश्यकता र औचित्यताको आधारमा कुनै स्थान,टोल,वस्ती , घर वा समुदायमा उल्लेखीत योजना सञ्चालन गर्न बाध्य पर्ने छैन।

## सम्झौताको पत्र

“सुन्दर घर, सुन्दर वस्ती, सुन्दरक्षेत्र” कार्यक्रम संचालन सम्बन्धी जैमिनीी नगरपालिका र जैमिनी वडा नं .......मा...............कार्यक्रम संचालन गर्न जैमिनी नपा वडा नं ....... का व्यक्ति /समूह/संस्थाका श्री ................संग भएको सम्झौता पत्र ।

**सम्झौताका शर्तहरु**

१. सुन्दर घर, सुन्दर वस्ती ,सुन्दर क्षेत्र कार्यक्रम अन्तरगत बन्ने संरचना प्राविधिक लागत अनुमान अनुसार रु . ४००००/ भन्दा बढीको हुनेछ।

२. यो कार्यक्रमको नपाबाट अनुदान रु . २०००० मात्र हुनेछ सो रकम भुक्तानीका लागि रु. ४०००० भन्दा बढीको कार्यसम्पन्न गर्नुपर्नेछ ।

३. कार्यसम्पन्न भए पछाडी नपाको तर्फबाट प्राविधिक मुल्याङ्कन र कार्यालयको तर्फबाट अनुगमन, वडा कार्यालयबाट कार्यसम्पन्न भएको सिफारिस, खर्चको विल भरपाई ,सम्पन्न भएको फोटो सहित प्राप्त भएपछि मुल्याङ्कनको आधारमा विनियनेजित रकम सम्बन्धित व्यक्तिलाई एकमुष्ट भुक्तानी दिईनेछ।

४. रु. ४०००० भन्दा कम कार्य भएमा सोही अनुपातमा अनुदान रकम कम भुक्तानी हुनेछ।

५. सम्पन्न भएको कार्य आर्कषक र मनमोहक प्रकृतिको हुनुपर्नेछ ।

६. कार्यसम्पादनको सिलसिलामा आइपर्ने कुनै वाधा, समस्या आईपरेमा दुवै पक्षको सहमतिबाट टुंगो लगाईनेछ।

७. प्रचलित ऐन कानुन र नियमको परिधि भित्र रही कार्यक्रम संचालन गर्नु दुवै पक्षको कर्तव्य हुनेछ।

८. जैमिनी नपाको कार्यपालिको बैठककाबाट मिति २०७८/१२/१० मा पारित सुन्दर घर, सुन्दर बस्ती, सुन्दर क्षेत्र सम्बन्धि मापदण्ड २०७८ यो सम्झौताको अंग हुनेछ ।

| | |
|---|---|
| कार्यलायको तर्फबाट | व्यक्ति/समूह/संस्थाको तर्फबाट |
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| छापः | छापः |
| | मितिः |